फान/फ्याक्स न. ०५५-५६५३०१
Email : garudamunlekha@gmail.co

# गरुडा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## गरुडा, रौतहट
### मधेश प्रदेश, नेपाल

पत्र संख्या : ०७८।०७९
चलानी नं. :

मिति :-२०७९/०३/२०

आ.व २०७९/०८० को लागि आन्तिरिक आय ठेक्का सम्बन्धि बोल पत्र आहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०३/२०**

यस नगरपालिकाको मिति २०७९/०३/०२ गतेको निर्णय अनुसार यस कार्यालयबाट स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम निम्न अनुसारको ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको दर रेट, शर्तहरुलाई पालना गर्ने गरी इजाजत प्राप्त फर्म,संस्था,व्यक्तीले प्यान नम्वरमा दर्ता भएमा मूल्य अभिवृद्धिकर (भ्याट) मा दर्ता भएको इजाजत प्रमाण पत्रको नवकिरण गरिएमा तथा आ.व.०७७०७८ का आयकर चुक्ता गरेको प्रमाणको प्रतिलिपि राखि इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ खरिद गरी रित पूर्वक भरि बोल पत्र ३० दिन भित्र पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपशिल

| बोलपत्र नं. | साविक गा.वि.स. | ठेक्काको किसिम | कर उठाउनु पर्ने क्षेत्र | न्युनतम कवोल अंक (मु.अ.कर बाहेक) | बोल पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ४।गरुडा।०७८।०७९ | गरुडा वैरिया | पशु बजार | | रु.३८,५३,०००।- | रु.३,०००।- | |

**शर्तहरु**

१. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८० साल असाढ मसान्त सम्म हुनेछ।
२. टेन्डर फारम २०७९/०३/२० देखि २०७९/०४/१७ गते ५ बजेसम्म खरिद गर्नुपर्ने छ।
३. टेन्डर फारम सिलवन्दी गरी मिति २०७९/०४/१८ गते दिनको १२ वजे सम्म यस न.पा.कार्यालयमा दर्ता गराइसक्नुपर्ने छ।
४. रित पूर्वक दर्ता हुन आएको गोप्य शिलवन्दी टेन्डर फारमहरु मिति २०७९/०४/१८ गते दिनको २:०० बजे खोलिने छ।
५. धरौटी वापतको रकम स्वदेशी नागरीक भएमा बोल कवोल अंकको ५ प्रतिशत र विदेशी नागरीक भए बोल कवोल अंकको १० प्रतिशत रकम एन आई सि एसिया बैंक गरुडा स्थित यस न.पा.को धरौटी खाता नं. **01CA052591852403** मा जम्मा गरी सक्कलै भाउचर वा बैंक ग्यारेन्टी गोप्य शिलवन्दी फारम सँग पेश गर्नुपर्ने छ।
६. ठेक्का कबोल रकम स्वीकृत दरभाउ पत्र दाताले एक वर्षको लागि कवोल रकम एकमुस्ट नगद वुझाउनु पर्ने छ र सो वापत १० प्रतिशत सहुलियत स्वरुप छुट दिइनेछ।
७. शिलवन्दी फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट वुझने गरी लेखनुपर्ने छ।
८. टेन्डर स्वीकृत भएको ७ दिन भित्र रकम वुझाउन नआएमा धरौटी जफत गरी क्रमश अर्को टेन्डर स्वीकृत गरिनेछ।
९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले व्यहोर्नु पर्ने छ।
१०. कानुनले निषेधित गरेको वस्तु वा समानमा कर लिन पाइने छैन। साथै न.पा.ले विकास निर्माण कार्यमा प्रयोग गर्ने वस्तुमा करलिन पाईने छैन र सो वापत कुनै माफि मिन्हाको दावी गर्न पाईने छैन।
११. बन्द हडताल लगायत जस्ता कुनै पनि कारणवाट ठेकेदारलाई क्षतिपुग्न गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयवाट कुनै क्षतिपूर्ती तथा मिनहा दिने छैन।
१२. ठेक्का स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई रहनेछ।
१३. न.पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्ने छ।
१४.उल्लेखित शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का न.पा.ले तोडन सक्ने छ।
१५. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन कानुन र यस न.पा.को निर्णय अनुसार हुनेछ।

२०७९/०३/२०

रामबावु राय यादव
नि.प्रमुख प्रशासकीय अधिकृत